# कटारी नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड:०६** **संख्या:०१४** **मिति:२०७९/०९/२९**

## स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७९

कार्यपालिकाबाट स्वीकृत मिति २०७९/०९/२९

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कटारी नगरकार्यपालिकाले स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७९ जारी गरेको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

स्थानीय स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने स्वास्थ्य सेवालाई उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गरी सेवालाई थप व्यवस्थित, जनमुखि र प्रभावकारी बनाउन, स्वास्थ्य सेवाको सञ्चालन र व्ययवस्थापनमा जनसहभागिता परिचालन गर्न नेपालको संविधान २०७२, स्वास्थ्य नीति २०७१, जनस्वास्थ्य एन २०७५ को उद्देश्य कार्यावन्वयनमा सहयोग पुर्याउन, स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनका लागि कटारी नगरपालिकाले यो कार्यविधि तयार गरेको छ ।

१. संक्षिप्त नाम :

प्रमुख प्रशासकीय अधिकृत

१.१ यस कार्यविधिको नाम " स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९" रहनेछ ।

१.२ यस कार्यविधिको आधारमा कटारी नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाका लागि निर्देशिका बनाई लागु गर्न सकिनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा, यस कार्यविधिमा

२.१ आधारभूत स्वास्थ्य सेवा भन्नाले जनस्वास्थ्य ऐन, २०७५ को दफा ३ को उपदफा (४) बमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निः शूल्क उपलब्ध हुने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्दछ।

२.२ " स्थानीय तह " भन्नाले कटारी नगरपालिका उदयपुरलाई सम्झनु पर्दछ।

२.३ " स्थानीय स्वास्थ्य संस्था " भन्नाले कटारी नगरपालिका भित्रको कटारी अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्रलाई सम्झनु पर्दछ।

२.४ " समिति " भन्नाले यस कार्यविधि बमोजिम गठित स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ।

२.५ " संरक्षक " भन्नाले नगर प्रमुखलाई सम्झनु पर्दछ।

## परिच्छेद -२

## कार्यविधिको उद्देश्य, समितिको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार

२.१ कार्यविधिको उद्देश्य :

आधारभूत स्वास्थ्य सेवालाई जनताको मौलिक अधिकारको रुपमा स्थापित गर्दै आफ्नो आवश्यकता अनुरुपको स्वास्थ्य सेवा आफै व्यवस्थापन गर्न स्थानीय स्रोतको सदुपयोग र जनसहभागिता परिचालन गरी सुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

२.२ समितिको गठन :

१. समितिको गठन यस कार्यविधिको परिच्छेद ७ मा उल्लेख भए बमोजिम हुनेछ ।

२. पदावधि : समितिको पदावधि गठन भएको मितिले ५ वर्षको हुनेछ ह ।

३. पद रिक्त हुने अवस्था : निर्वाचित पदाधिकारिहरुको हकमा नियमित पदावधि समाप्त भएपछि स्वतः समितिको पदावधि समेत समाप्त हुनेछ । मृत्यु भएमा, राजिनामा दिई सो राजिनामा स्वीकृत भएमा, फौजदारी अभियोग लागेमा, लगातार तीन वटा बैठकमा विना सूचना अनुपस्थित भएमा समेत पद रिक्त हुनेछ ।

२.३ बैठक सम्बन्धी व्यवस्था :

१. समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । समितिका अध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् र निजको अनुपस्थितिमा उपाध्यक्षले



प्रमुख प्रशासकीय अधिकृत

अध्यक्षता गर्नेछन् । दुबैको अनुपस्थिमा तोके बमोजिम वा उमेरमा सबैभन्दा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछन् ।

२. समितिको बैठक महिनामा कम्तिमा महिनाको एक पटक बस्नेछ । आवश्यक परेको अवस्थामा कुनै पनि समय बैठक बोलाउन सकिनेछ ।

**२.४ समितिको काम, कर्तव्य र अधिकार :**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्याहरु समाधानका लागि पहल गर्ने र समाधान हुन नसकेमा समस्याहरुको निराकरणको लागि सम्वन्धित तह र निकायहरुमा पठाउने ।

ख. स्वास्थ्य संस्थाबाट सञ्चालन हुने वार्षिक कार्यक्रमहरुको लक्ष्य निर्धारण, कार्यान्वयन तथा उपलब्धिको समीक्षा गर्ने । वार्षिक रुपमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाईको व्यवस्था गर्ने ।

ग. स्वास्थ्य संस्थालाई प्राप्त कार्यक्रम, योजना, सूचना र परिपत्रहरु भए तिनको समयमै जानकारी गरी गराई कार्यान्वयन गर्ने ।

घ. सम्बन्धित स्थानीय तहले बनाएको आवधिक कार्यक्रम कार्यान्वयन, अनुगमन, समिक्षा र आवधिक प्रतिवेदन तयार गरी संम्बन्धित तहमा पेश गर्ने ।

ङ. कटारी अस्पताल/आधारभूत स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी/शहरी स्वास्थ्य केन्द्रको उन्नति र विकासको सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

च. स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्तिको संरक्षण तथा नियमित मर्मत सम्भार गर्ने गराउने ।

छ. स्वास्थ्य सेवाबाट वञ्चित स्थानीय समुदायहरुलाई स्वास्थ्य सेवाको पहुँच सूनिश्चितताका लागि आवश्यक कार्यहरु गर्ने ।

ज. स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार, औषधि, स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरुको उपलब्धता सुनिश्चित गर्न आवश्यक समन्वयात्मक कार्यहरु गर्ने र सेवा प्रवाहको गुणस्तरीयता सुनिश्चित गर्न तथ्यमा आधारित स्थानीय स्वास्थ्य योजना बनाउन पहल गर्ने ।

झ. स्थानीय सरकारको स्वास्थ्य क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य काम गर्ने गराउने । प्रदेश तथा संघीय सरकारका तर्फबाट अन्य थप विशेष कार्यक्रम भएमा सोका लागि आवश्यक सहजीकरण गर्ने ।

ञ. नगरपालिका र सोअन्तर्गतका सामाजिक तथा स्वास्थ्य शाखासँग स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापनसँग सम्बन्धी विषयहरुमा आवश्यक सञ्चार र समन्वय गर्ने ।



प्रमुख प्रशासकीय अधिकृत

ट. स्थानीय स्वास्थ्य सुशासन सुदृढीकरण तथा स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने । समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

## परिच्छेद -३
## कार्यक्षेत्र

३. कार्यक्षेत्र :

समितिको कार्यक्षेत्र निम्न बमोजिम हुनेछ ।

३.१ नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र सेवाको न्यूनतम मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

३.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (झ) मा भएको नगरपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य सरसफाईसँग सम्बन्धित (बुँदा १ देखि १२) कार्यक्रमहरुको आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने ।

३.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु बुँदा १ देखि १७ आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजिकरण गर्ने । जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागु गर्न नेतृत्व प्रदान गर्ने ।

३.४ स्वास्थ्यको वृहत् सामाजिक निर्धारक तत्वहरुको कारणबारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारबाट मानिसको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको पहिचान गर्न र नसर्ने रोगहरुबाट बच्न रोकथामका उपायहरु बारे प्रचार प्रसार गर्ने ।

३.५ स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरीब र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजिकरण गर्ने ।

३.६ सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि आवश्यक मानब श्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातारण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

३.७ स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरुको कार्यसम्पादन र यसको उपयोगिताको नियमित समीक्षा तथा मूल्याङ्कन गरी पुरस्कृत समेत गर्ने ।

३.८ स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण, फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित स्व-मूल्यांकनका आधारमा आवश्यक स्थानीय वित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस, पैरवी गर्ने ।

३.९ स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

३.१० स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

३.११ स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग र सहजिकरण गर्ने ।

३.१२ विद्युत्तीय स्वास्थ्यको अवधारणालाई स्थानीय स्तरमा विकास गरी क्रमश : लागू गर्दै जाने । सोको कार्यान्वयनका लागि नगरपालिका र सो अन्तर्गतका सामाजिक तथा स्वास्थ्य शाखासँग आवश्यक सहयोग र समन्वय गर्ने ।

३.१३ आफ्नो कार्यक्रमलाई थप प्रभावकारी र जनमुखी बनाउन, अनुभव र सहयोग आदान प्रदान गर्न जिल्ला, प्रदेश तथा संघीय स्तरमा समन्वय गर्ने ।

३.१४ आफ्नो कार्यक्षेत्रका सेवाग्राहीहरुका बीच स्वास्थ्य विमा कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक योजना तर्जुमा र सहजीकरण गर्ने र सेवाको कार्य सम्पादन र यसको उपयोगितको नियमित समीक्षा गर्ने ।

३.१५ आयुर्वेद, होमियोप्याथी, यूनानी, प्राकृतिक चिकित्सा जस्ता वैकल्पिक स्वास्थ्य सेवा तथा कार्यक्रमलाई आफ्नो योजनामा समावेश गर्दै सोको कार्यान्वयन, अनुगमन र सहजिकरण गर्ने ।

३.१६ समुदायमा आधारित प्रबर्द्धनात्मक, प्रतिकारात्मक, पुनर्स्थापनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवका कार्यक्रमहरु योजनामा समावेश गर्दै सोको कार्यान्वयन, अनुगमन र सहजीकरण गर्ने ।

३.१७ महामारी तथा प्राकृतिक प्रकोप जस्ता आकस्मिक स्वास्थ्य सेवको लागि पूर्व तयारी तथा आवश्यक व्यवस्थापन गर्ने ।

३.१८ प्रेषण प्रणालीलाई क्रियाशील बनाउन आधुनिकीकरण तथा व्यवस्थित गर्ने ।



प्रमुख प्रशासकीय अधिकृत

३.१९ सेवाग्राही तथा सेवाप्रदायकहरुको हकहित संरक्षण तथा अधिकार सुनिश्चित गर्न सहजीकरण गर्ने ।

## परिच्छेद -४
## वित्तीय व्यवस्थापन

४. वित्तीय व्यवस्थापन :

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले प्रचलित आर्थिक ऐन नियमहरुको परिधिभित्र रही कार्यक्रमहरु सञ्चालन गर्न निम्न बमोजिम वित्तीय व्यवस्थापन गर्न सक्नेछन् । स्थानीय स्वास्थ्य संस्थाको वित्तीय व्यवस्थापन नेपाल सरकारको आर्थिक ऐन, २०७४ र नगरपालिकाको आर्थिक ऐन नियमानुसार हुनेछ ।

४.१ वजेट तर्जुमा :वजेट तर्जुमा गर्दा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, नगरपालिकाबाट प्राप्त हुने सहयोग, अन्तर्राष्ट्रिय वा गैरसरकारी संस्थाबाट प्राप्त रकम तथा स्थानीय स्वास्थ्य संस्थाको आम्दानीलाई समेत आधार बनाउनु पर्दछ ।

(क) स्वास्थ्य संस्थाको थप व्यवस्थापनका लागि समितिले आर्थिक श्रोतको खोजी गर्नेछ ।

(ख) बजेट तर्जुमा गर्दा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, नगरपालिकाबाट प्राप्त हुने सहयोग अन्य गैर सरकारी संस्थाबाट प्राप्त हुने सहयोग तथा स्थानीय स्वास्थ्य संस्थाको आम्दानीलाई समेत आधार बनाउनुपर्दछ ।

४.२ खर्च तथा अभिलेख :

(क) दरबन्दी अनुसारको जनशक्तीको लागि आवश्यक तलब भत्ता औषधि तथा उपकरणको कमी नहुने गरी न.पा.बाट प्राप्त अनुदान सुनिश्चित गरी अन्य प्रशासनिक खर्चमा बजेट बाँडफाँड गर्नु पर्नेछ । दरबन्दी बाहेकका जनशक्ती आवश्यक परेमा आर्थिक श्रोतले भ्याउने भएमा मात्र नगर सभाको निर्णय र स्वीकृत मापदण्ड बमोजिम जनशक्तीको करार व्यवस्थापन गर्न सकिनेछ ।

(ख) प्रत्येक आ.ब. को लागि निर्धारण गरिएको रकम समयमै न.पा. /वडा कार्यालयमा माग गर्नुपर्नेछ ।

(ग) प्राप्त रकम सम्बन्धित शीर्षकको कार्यक्रम निर्धारित समयमै सम्पन्न गरी सोको अभिलेख स्वास्थ्य संस्थामा पनि राख्नुपर्नेछ ।

(घ) स्वास्थ्य संस्थाको स्वामीत्वमा रहेको चल, अचल सम्पत्तीको अभिलेख अध्यावधिक गरी ठीक दुरुस्त राख्नुपर्नेछ ।

(ङ) प्रचलित कानून बमोजिम प्रत्येक वर्ष स्वास्थ्य संस्थाको लेखा परीक्षण तथा सामाजिक परीक्षण गराउनु पर्नेछ ।

(च) सम्बन्धित स्वास्थ्य संस्थाको आफ्नै नाममा बैक खाता खोलिनेछ र उक्त खातामा जम्मा भएको रकम स्वास्थ्य संस्था प्रमुख र समितिका अध्यक्षको संयुक्त हस्ताक्षरबाट खाता संचालन हुनेछ ।

परिच्छेद -५

## संरक्षक, अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुको काम, कर्तव्य र दायित्व

स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका संरक्षक, अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुको काम, कर्तव्य एवं दायित्व देहाय बमोजिम हुनेछ।

५.१ संरक्षक :

५.१.१ आफ्नो नगरपालिका क्षेत्रभित्र अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन जस्ता कार्यहरुको लागि सामाजिक विकास र स्वास्थ्य शाखा लगायत स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आवश्यक अभिभावकत्व ग्रहण गरी संरक्षण र प्रोत्साहन गर्ने।

५.१.२ नगरपालिका क्षेत्रको स्वास्थ्य अवस्थाको तथ्यगत अवस्थाका बारेमा अद्यावधिक रहने र देखिएका समस्या र सवालहरुको सम्बोधनका लागि पहल गर्ने ।

५.२ अध्यक्ष :

५.२.१ अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी योजना तर्जुमा, कार्यान्वय, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

५.२.२ योजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन कार्यक्रमको कार्य योजना बनाई जिम्मेवार व्यक्ति तोक्ने र समय सीमा निर्धारण गर्ने ।

५.२.३ कार्य योजना बमोजिम पदाधिकारीहरुले कार्य सम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्ने । स्वास्थ्य संस्थामा गुणस्तरीय सेवा प्रदान गर्ने वातावरण भए नभएको यकिन गर्ने र सोको सुनिश्चितता गर्ने ।

५.२.४ कर्मचारीहरुको कामको नियमित मूल्याङ्कन गरी सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने र कार्य सन्तोषजनक नभएमा सचेत गराउने ।

५.२.५ कर्मचारीहरुलाई आवश्यकता अनुसार काज, तालिम वा गोष्ठीको आयोजनाको पहल गर्ने ।

५.२.६ स्वास्थ्य सेवालाई अझ बढी प्रभावकारी बनाउन आन्तरिक श्रोतले भ्याएसम्म स्वास्थ्य संस्थामा आवश्यकता अनुसार थप कर्मचारी व्यवस्था गर्न आवश्यक पहल गर्ने ।

५.२.७ समितिको बैठकमा कुनै विषयमा मत बाझिएमा आवश्यक मत दिने ।

५.२.८ समय समयमा कार्यालयको निरीक्षण गरी कार्यालयको नगदी, जिन्सीको लगत अद्यावधिक गराउने ।

५.३ उपाध्यक्ष :



प्रमुख प्रशासकीय अधिकृत।

५.३.१ अध्यक्षले गर्ने माथिका सबै कार्यहरुको अतिरिक्त निजको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्नेछन् ।

५.४ सदस्यहरु :

५.४.१ स्वास्थ्य कार्यक्रमहरुको योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता जनाउने र आवश्यक सहयोग पुर्याउने ।

५.४.२ स्थानीय श्रोत साधन जुटाउन, परिचालन गर्न राय, सुझाव र सहयोग पुर्याउने ।

५.४.३ कुनै क्षेत्रमा थप स्वास्थ्य कार्यक्रमहरुको आवश्यकता भए समितिलाई जानकारी दिने।

५.४.४ समितिले कुनै उपसमितिको संयोजक वा सदस्य तोकेमा सोही अनुसारको जिम्मेवारी वहन गर्ने ।

५.४.५ अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा हुने बैठकमा अध्यक्षता गर्नु पर्ने अवस्था परेमा अध्यक्षता गर्ने ।

५.४.६ समितिले निर्णय गरे अनुसार स्वास्थ्य संस्था, कर्मचारी र स्वास्थ्य कार्यक्रमहरुको सुपरीवेक्षण, अनुगमन र रेखदेख गर्ने ।

५.४.७ समितिका सदस्यहरुले पालैपालो मासिक समिक्षामा भाग लिने ।

५.४.८ आधारभूत स्वास्थ्य शिक्षाका कार्यक्रमहरु सबै इकाईमा नियमित सञ्चालन हुने व्यवस्था गर्ने ।

५.४.९ स्वास्थ्य क्षत्रको बहुआयामिक विकासको लागि बहुक्षेत्रीय समन्वय तथा सहकार्य गर्ने गराउने ।

## परिच्छेद -६

## स्थानीय स्वास्थ्य संस्थाबाट संचालन गरिने क्रियाकलाप सम्बन्धि व्यवस्था

६.१ आधारभूत स्वास्थ्य तथा सरसफाई सेवाहरुलाई आधार मानी स्थानीय स्वास्थ्य संस्थाहरबाट संचालन गरिने स्वास्थ्य कार्यक्रमरु तथा क्रियाकलापहरु देहाय बमोजिम हुनेछन् ।

| स्वास्थ्यका कार्यक्रमहरु | अस्पताल | स्वा.चौ. | श.स्वा.के. | आ.स्वा.के. |
|---|---|---|---|---|
| **योजना तर्जुमा** | | | | |
| (क)स्वास्थ्य संस्था प्रोफाइल तयार गर्ने र नियमित रुपमा अद्यावधिक गर्ने । | √ | √ | √ | - |
| (ख) राष्ट्रिय कार्यनीति र निर्देशन अनुसार आफ्नो कार्यक्षेत्रको आबधिक तथा वार्षिक योजना तयार गरी सम्बन्धित निकायमा पेश गर्ने । | √ | √ | √ | - |
| (ग) स्वीकृत भई आएका कार्यक्रमहरु कार्यान्वियनको लागि मातहतका निकाय तथा व्यक्तिहरुमा काम र लक्ष्यको बाँडफाँड गर्ने । | √ | √ | √ | - |
| (घ) कार्ययोजना र कार्य तालिका बनाउने र कार्यक्रम कार्यान्वयन गर्ने । | √ | √ | √ | √ |
| **परिवार नियोजन कार्यक्रम** | | | | |
| (क) कार्यक्षेत्रभित्र परिवार नियोजन सेवा दिनुपर्ने लक्षित समूका | √ | √ | √ | √ |



कटारी नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| दम्पतीहरुको लगत तयार गर्ने र अद्यावधिक गरी राख्ने | | | | |
| (ख) परिवार नियोजनको आवश्यकता, महत्व र फाईदाबारे लक्षित समूह, जनसमुदायलाई जनचेतना फैलाउने । | √ | √ | √ | √ |
| (ग) परिवार नियोजन सेवा तथा परामर्श सेवा उपलब्ध गराउने । | √ | √ | √ | √ |
| (घ) बन्ध्याकरण शिविर माग गर्ने र सञ्चालनमा सघाउ पुर्याउने । | √ | √ | √ | √ |
| (ङ) परिवार नियोजनका साधनहरुको पर्याप्त मौज्दात राख्ने । | √ | √ | √ | √ |
| (च) परिवार नियोजनका साधन अपनाउनेहरुको अनुगमन गरी निरन्तरता कायम गर्ने । | √ | √ | √ | √ |
| **खोप** | | | | |
| (क) खोपको महत्वबारे स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ | √ |
| (ख) खोप क्लिनिक सञ्चालनको लागि लक्षित समूहको तथ्याङ्क लिई आवश्यक सामाग्रीहरुको आपूर्ति गर्ने । | √ | √ | √ | √ |
| (ग) कोल्डचेन कायम राखी भ्याक्सिन आपूर्ति गर्ने । | √ | √ | √ | √ |
| (घ) खोप क्लिनिक सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (ङ) खोप दिनुपर्ने बाँकी संख्या पत्ता लगाउने र सूक्ष्म योजना तयार गरी पूरा खोप दिने व्यवस्था मिलाउने । | √ | √ | √ | √ |
| **झाडापखाला** | | | | |
| (क) झाडापखाला बारे स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ | √ |
| (ख) ओ.आर.टि.कर्नर स्थापना गरी सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (ग) झाडापखालाबाट ग्रसित बिरामीको लेखाजोखा गरी जलवियोजनको स्थिति अनुसार उपचार तालिका अपनाई उपचार गर्ने । | √ | √ | √ | √ |
| (घ) झाडापखाला प्रकोपको मौसम आउनु अगाडी नै पुनर्जलीय उपचार सामाग्रीहरुको मौज्दात स्थिति अध्ययन गरी सोको खाँचो नहुने व्यवस्था मिलाउने । | √ | √ | √ | √ |
| **श्वास -प्रश्वास** | | | | |
| (क) श्वार-प्रश्वास रोगको रोकथाम बारे स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ | √ |
| (ख) आएका श्वास-प्रश्वास रोगीको लेखाजोखा गरी तत्कालै स्तरीय उपचार पद्धति अपनाई उपचार गर्ने । | √ | √ | √ | √ |
| (ग) उपचार हुन नसकेका विरामीलाई प्रेषण गरी पठाउने र पठाउँदा बाटोमा लाग्ने समयको लागि आवश्यक औषधि उपलब्ध गराउने । | √ | √ | √ | √ |
| (घ) श्वास-प्रश्वास रोगको उपचारका लागि आवश्यक औषधिको कमी नहुने व्यवस्था मिलाउने | √ | √ | √ | √ |
| **औलो** | | | | |
| (क) औलो रोग तथा कालाजार प्रभावित क्षेत्रमा बच्ने उपाय बारे | √ | √ | √ | √ |



कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| जनचेतना जगाउने । | | | | |
| (ख) औलो प्रभावित क्षेत्रमा ज्वरो आएको व्यक्तिको नमुना संकलन कार्यलाई व्यवस्थित गर्ने । | √ | √ | - | - |
| (ग) औलो रोग शंका गरिएका व्यक्तिको रक्त नमूना लिने, प्रयोगशालामा जाँच गर्न पठाउने र निर्देशिका अनुसार उपचार गर्ने । | √ | √ | √ | √ |
| (घ) औलो रोग नियन्त्रण तथा उपचार गर्न आवश्यक औषधि नियमित आपूर्ति हुने व्यवस्था मिलाउने (माग गर्ने, वितरण गर्ने)। | √ | √ | √ | √ |
| (ङ) प्रभावित क्षत्रमा सिफरिस गरिएको औषधि छर्कने र झुल वितरण कार्य सञ्चालन गर्ने । | √ | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| **सुरक्षित मातृत्व** | | | | |
| (क) प्रत्येक गर्भवती महिलाको विवरण राख्ने । | √ | √ | √ | √ |
| (ख) गर्भवती महिलाहरुलाई कम्तिमा ४ पटक परीक्षण गरी सेवा र परामर्श दिने । | √ | √ | √ | √ |
| (ग) स्वास्थ्य संस्थामा सुरक्षित प्रशुती सेवा प्रदान गर्ने ।जटिल अवस्थाका गर्भवती तथा प्रशुतीलाई प्रेषणको व्यवस्था मिलाउने । | √ | √ | √ | - |
| (घ) सुत्केरीपछि आमा र शिशुलाई कुनै पनि समस्या परे नपरेको जानकारी लिई आवश्यक परेकालाई घरैमा गई सेवा प्रदान गर्ने । | √ | √ | √ | √ |
| (ङ) सुरक्षित मातृत्वको महत्वबारे स्वास्थ्य शिक्षा दिने, सुरक्षित मातृत्व सम्बन्धी उपलब्ध सेवाबारे बताउने । | √ | √ | √ | √ |
| (च)फिल्डमा कार्यरत स्वास्थ्यकर्मीहरुले महिला स्वास्थ्य स्वयं सविकाहरुको सहयोग लिई मातृ तथा नवशिशु मृत्युको कारणहरुको विवरण बनाई राख्ने । | √ | √ | √ | √ |
| **क्षयरोग नियन्त्रण** | | | | |
| (क) क्षयरोग नियन्त्रणका लागि स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (ख) शंकास्पद रोगीहरुको खकार नमूना संकलन गरी प्रयोगशालामा पठाउने । | √ | √ | √ | √ |
| (ग) प्रमाणित भएका रोगीको प्रटोकल अनुसार उपचार गर्ने । | √ | √ | √ | √ |
| (घ) दर्ता भएका तर उपचारमा नआउने विरामीको खोजी गरी उपचार नियमित गराउने । | √ | √ | √ | √ |
| (ङ) उपचारको लागि औषधिको व्यवस्था मिलाउने । | √ | √ | √ | √ |



कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| **कुष्ठरोग नियन्त्रण** | | | | |
| (क) कुष्ठरोगको रोकथाम, नियमित उपचार तथा पूनर्स्थापना बारे जनचेतना जगाउने । | √ | √ | √ | √ |
| (ख) कुष्ठरोगबाट प्रभावित व्यक्तिहरुका लागि नियमित क्लिनिक संचालन गर्ने । | √ | √ | - | - |
| (ग) कुष्ठरोगको उपचार र औषधिको प्रतिक्रिया बारे परामर्श दिने। | √ | √ | √ | √ |
| (घ)नियमित उपचारमा नआउनेको खोजी गरी नियमित उपचार गराउने । | √ | √ | √ | √ |
| (ङ) कुष्ठरोग नियन्त्रणको लागि आवश्यक औषधिको अटुत गर्ने व्यवस्था मिलाउने । | √ | √ | √ | √ |
| (च) कुष्ठरोगको रोकथाम बारे प्रचारप्रसार गर्ने । | √ | √ | √ | √ |
| **एड्स यौनरोग** | | | | |
| (क)एच.आई.भी.एड्स यौनरोग रोकथाम सम्बन्धि स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ | √ |
| (ख) यौनरोगको उपचार गर्ने र शंकास्पद व्यक्तिलाई परामर्श तथा आवश्यक परीक्षणका लागि रेफर गरी पठाउने । | √ | √ | √ | √ |
| **महामारी नियन्त्रण तथा प्राकृतिक प्रकोप** | | | | |
| (क) आफ्नो कार्यक्षेत्रमा कुनै महामारी फैलिएमा तत्काल निन्त्रण कार्य सुरु गरी समुदायलाई सचेत गराउनुका साथै सो बारे माथिल्लो निकायलाई जानकारी गराउने । | √ | √ | √ | √ |
| (ख) प्राकृतिक प्रकोपको अवस्थामा आर.आर.टी.सँग समन्वय गरी तत्काले प्रभावित क्षेत्रमा गई आवश्यक सेवा प्रदान गर्ने । | √ | √ | √ | √ |
| **वातावरणीय सरसफाई** | | | | |
| (क) आफ्नो स्वास्थ्य संस्थाबाट निस्केको फोहोरमैलाको उचित व्यवस्थापन गर्ने र वरपरको क्षेत्रमा गई आवश्यक सेवा प्रदान गर्ने । | √ | √ | √ | √ |
| (ख)कार्यालय परिसर, सुई, मलहम-पट्टी लगायत स्वास्थ्य सेवा कक्षहरु सफा बनाई राख्ने । | √ | √ | √ | √ |
| (ग) चर्पीको महत्व बुझाई सोको प्रयोग बढाउन समुदायलाई प्रोतसाहित गर्ने । | √ | √ | √ | √ |
| (घ)खानेपानी मुहान सफा राख्न जनसहभागिता जुटाउने । | √ | √ | √ | √ |
| **स्वास्थ्य शिक्षा** | | | | |
| (क) स्थानीय मेला, चाडपर्व आदिमा स्वास्थ्य प्रदर्शनी नाटक, झाँकी आदिको प्रदर्शन गर्ने । | √ | √ | √ | √ |
| (ख) शैक्षिक सामाग्री उपलब्ध गर्ने, सम्भार गर्ने र स्थानीय सञ्चार माध्यमको उचित प्रयोग गर्ने । | √ | √ | √ | √ |
| (ग)नियमित रुपमा स्वास्थ्य सम्बन्धि विविध विषयमा स्वास्थ्य शिक्षा दिने | √ | √ | √ | √ |



कटारी नगरकार्यपालिका कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| । | | | | |
| (घ) आफ्नो क्षेत्रभित्रका सबै विद्यालयहरुमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने ।<br>(ङ) राष्ट्रिय अभियानका कार्यक्रमबारे स्वास्थ्य शिक्षा प्रदान गर्ने । | √ | √ | √ | √ |
| **गाउँघर क्लिनिक कार्यक्रम** | | | | |
| (क) प्राथमिक स्वास्थ्य सेवा गाउँघर क्लिनिक सञ्चालन हुने स्थान निश्चित गराउने । | √ | √ | - | - |
| (ख)कार्यक्रम सम्बन्धी वडा स्तरीय परिचयात्मक गोष्ठीहरु सञ्चालन गर्ने । | √ | √ | - | - |
| (ग) गाउँघर क्लिनिक व्यवस्थापन समितिको गठन तथा सञ्चालन गर्ने । | √ | √ | - | - |
| (घ)आवश्यक पर्ने औषधि तथा सम्पूर्ण आवश्यक सामाग्रीहरुको आपूर्ति व्यवस्था मिलाउने । | √ | √ | - | - |
| (ङ) सुरक्षित मातृत्व, परिवार नियोजन लगायतका अन्य निर्धारित सेवाहरु प्रदान गर्ने । | √ | √ | - | - |
| (च) सूक्ष्म योजना अनुसार गाउँघर क्लिनिक सञ्चालन भएको छ वा पर्याप्त संख्यामा सेवा प्रदान गरिएको छ भन्ने कुरा एकिन गर्ने । | √ | √ | - | - |
| **महिला स्वास्थ्य स्वयमसेविका** | | | | |
| (क)जनसंख्या/कार्यक्षेत्रको आधारमा छनौट भएका महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि कार्यक्रम संचालन गर्ने । | √ | √ | - | - |
| (ख)लक्ष्य अनुसार आधारभूत तालिम नियमित रुपमा सञ्चालन गर्ने। | √ | √ | - | - |
| (ग)कार्यक्रमको अर्धवार्षिक समिक्षा र रिफ्रेसर तालिम सञ्चालन गर्ने । | √ | √ | - | - |
| (घ) महिला स्वास्थ्य स्वयंसेविकाहरुसँग नियमित भेटघाट गर्ने तथा आमा समूहको बैठकमा नियमित भाग लिने । | √ | √ | √ | √ |
| (ङ)महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई कण्डम, पिल्स, पुनर्जलीय झोल प्याकेट, आइरन चक्की, जिंक, सिटामोल, भिटामिन ए, प्राथमिक उपचार, शैक्षिक सामाग्री तथा अन्य सामानको आपूर्ति व्यवस्था मिलाउने । | √ | √ | - | - |
| **उपचार सेवा** | | | | |
| (क) नियमानुसार नियमित रुपमा बहिरङ्ग सेवा सञ्चलान गर्ने । | √ | √ | √ | √ |
| (ख) उपचारका लागि आएका बिरामी जाँच गरी औषधोपचार गर्ने र आवश्यकता अनुसार प्रेषण गर्ने । | √ | √ | √ | √ |
| (ग) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने । | √ | √ | √ | √ |
| (घ) अन्तरङ्ग उपचार सेवा दिने । | √ | | | |
| (ङ) रक्तचाप परीक्षण, धड्कन/नाडी चेक गर्ने, ज्वरोको नाप, श्वासप्रश्वास, वृद्धि विकास, तौल उचाई परीक्षण सम्बन्धी सेवा दिने | √ | √ | √ | √ |
| (च) बेहोस, जन्डिस, रक्तअल्पता, लिम्फनोड सुन्निएको, निलोपन, क्लविङ्ग, | √ | √ | - | - |





कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| छाती, मुटु सम्बन्धी उपचार सेवा दिने । | | | | |
| (छ) नसा सम्बन्धी जाँच, मोटर, सेनसोरी, मानसिक, टाउको र गरेदन जाँच । | √ | - | - | - |
| (ज) पेट सम्बन्धी, यौनाङ्ग परीक्षण, स्पाईनल परीक्षण, लिम्बस् परीक्षण गर्ने । | √ | - | - | - |
| (झ) नसर्ने रोगहरु जस्तै : मुटु सम्बन्धी, दीर्घ श्वासप्रश्वास सम्बन्धी रोग, मधुमेह र क्रियाकलापहरुमा सहयोग गर्ने । | √ | √ | √ | √ |
| (ञ)ज्वरो, टाउको दुखेको, जीउ दुखेको, खोकी लागको, पाँच वर्ष मुनीको बच्चा बिरामी, न्यून श्वासप्रश्वास, छाती पोलेको, पेट सम्बन्धी, झाडापखाल, उच्च रक्तचाप, चिनीरोग, मलेरीयासम्बन्धी उपचार र व्यवस्थापन गर्ने । | √ | √ | √ | √ |
| मेडिको -लिगल केश | | | | |
| (क) घाउचोट, लागूपदार्थ सेवन, बलात्कार आदि पुलिस केश जाँच गरी प्रमाणित गर्ने । | √ | - | - | - |
| (ख)लास जाँच गरी प्रमाणित गर्ने । | √ | - | - | - |
| अनुगमन | | | | |
| (क)लक्ष्य, प्रगति, सेवाको कभरेज, मुख्य रोग र स्वास्थ्य समस्या सम्बन्धी चार्ट ग्राफ बनाई डिस्प्ले गर्ने । | √ | √ | √ | √ |
| (ख) प्राप्त प्रतिवेदनलाई विश्लेषण गरी प्रत्येक कार्यक्रम तथा गतिविधिको लेखाजोखा गर्न मासिक रुपमा स्टाफ बैठक गर्ने र समिक्षाको आधारमा सम्बन्धित निकायहरुलाई फिडब्याक दिने । | √ | √ | - | - |
| | √ | √ | √ | √ |
| प्रशासनिक कार्य | | | | |
| (क) आएका सम्पूर्ण चिठीपत्रहरु दर्ता गर्ने र विषयगत फाइल खडा गरी राख्ने । | √ | √ | √ | √ |
| (ख) पठाउनु पर्ने पत्रहरु चलानी गर्ने र विषयगत फाईल खडा गरी प्रतिलिपी राख्ने । | √ | √ | √ | √ |
| (ग)प्राप्त पत्रहरुमा आवश्यकतानुसार कार्वाही गर्ने । | √ | √ | √ | √ |
| (घ)कर्मचारीको हाजिरी, विदा लगायत सम्पूर्ण व्यक्तिगत रेकर्ड राख्ने । | √ | √ | √ | √ |
| (ङ)आगन्तुक तथा सुपरीवेक्षण पुस्तिका बनाई सुपरीवेक्षणमा आउनेको राय मन्तव्य लेखाई राख्ने । | √ | √ | √ | √ |
| (च) मातहतका कर्मचारीहरुले आफ्नो कार्य विवरण अनुसार कार्य गराईरहेका छन् भन्ने कुराको यकिन गर्ने। | √ | √ | √ | √ |
| (छ) सञ्चालक समिति, परिषद्हरु र इकाईहरुको अभिलेख अद्यावधिक राख्ने । | √ | √ | √ | √ |



कटारी नगर कार्यपालिका कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| **अभिलेख तथा प्रतिवेदन** | | | | |
| (क) व्यवस्थापन सूचना प्रणालीले लागू गरेका फर्म, कार्डको प्रयोग गरी सम्पूर्ण स्वास्थ्य कार्यक्रम तथा गतिविधिहरुको अभिलेख राख्र तथा निर्धारित मितिभित्र सम्बन्धित निकायमा प्रतिवेदन पठाउने। | √ | √ | √ | √ |
| (ख)आवश्यक पर्ने फर्म, रजिष्टर कमसेकम ३ महिनाको लागि स्टक बाँकी हुँदैमा माग गर्ने । | √ | √ | √ | √ |
| **अन्य** | | | | |
| (क)स्थानीय श्रोत परिचालन गरी स्वास्थ्यका कार्यक्रमहरु सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (ख) थप भएका नयाँ कार्यक्रमहरु निर्देशिका अनुसार सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (ग) कृषि र वातावरणको क्षेत्रमा सरोकारवाला पक्षसँग सहकार्य गरी सन्तुलित भोजनको पर्याप्तता, सफा खानेपानी, स्वच्छ वातावरण निर्माणको लागि आवश्यक कार्यक्रम निर्माण र कार्यान्वयन कार्यमा सहयोग गर्ने । | √ | √ | √ | √ |

स्वा.चौ.: स्वास्थ्य चौकी

आ.स्वा.के. : आधारभूत स्वास्थ्य केन्द्र

श.स्वा.के. : शहरी स्वास्थ्य केन्द्र

## परिच्छेद -७
## स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको गठन

७.१ अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिः

| क.सं. | विवरण | पद |
|---|---|---|
| | नगरपालिका प्रमुख | संरक्षक |
| १ | नगरपालिका भित्र पर्ने अस्पताल अवस्थित वडाको अध्यक्ष | अध्यक्ष |
| २ | समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्येबाट एक जना | उपाध्यक्ष |
| ३ | अस्पताल रहेको क्षेत्रको विद्यालयका शिक्षिकाहरु मध्येबाट एक जना | सदस्य |
| ४ | स्थानीय व्यापार संघको प्रतिनिधि एक जना | सदस्य |
| ५ | समितिबाट मनोनित महिला स्वास्थ्य स्वयमसेविकाहरु मध्येबाट एक जना | सदस्य |
| ६ | सम्बन्धीत वडा कार्यालयका सचिव | सदस्य |
| ७ | सम्बन्धीत अस्पतालको प्रमुख | सदस्य सचिव |



प्रमुख प्रशासकीय अधिकृत

७.२ स्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य केन्द्र/शहरी स्वास्थ्य केन्द्र /आयुर्वेद औषधालय सञ्चालन तथा व्यवस्थापन समिति

| क्र.सं. | विवरण | पद |
|---|---|---|
| | नगरपालिका प्रमुख | संरक्षक |
| १ | नगरपालिका भित्र पर्ने अस्पताल अवस्थित वडाको अध्यक्ष | अध्यक्ष |
| २ | समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्येबाट एक जना | उपाध्यक्ष |
| ३ | अस्पताल रहेको क्षेत्रको विद्यालयका शिक्षिकाहरु मध्येबाट एक जना | सदस्य |
| ४ | स्थानीय व्यापार संघको प्रतिनिधि एक जना | सदस्य |
| ५ | समितिबाट मनोनित महिला स्वास्थ्य स्वयमसेविकाहरु मध्येबाट एक जना | सदस्य |
| ६ | सम्बन्धीत वडा कार्यालका सचिव | सदस्य |
| ७ | सम्बन्धीत स्वास्थ्य संस्थाको प्रमुख | सदस्य सचिव |

नोट :

१.समितिको पदेन सदस्यहरु संरक्षक,सम्बन्धीत वडाका प्रमुख, शिक्षक प्रतिनिधि, वडाका सचिव र सम्बन्धीत स्वास्थ्य संस्था प्रमुखको पहिलो बैठकले समितिका थप सदस्यहरुको मनोनयन गर्नेछ ।

२.बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्नुपर्नेछ,

क.दलित जनजातिबाट १ जना

ख.अपांङ्ग, अशक्त वा जेष्ठ नागरिकहरुमध्येबाट १ जना

३.नगरपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने नीजि, गैरसरकारी तथा दातृ संस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रितको रुपमा संलग्न गराउन सकिनेछ ।

बचाउः (१) यस कर्यविधिमा लिखए बाहेक स्वास्थ्य सेवा ऐन, २०५३, स्थानीय सरकार संचाल ऐन २०७४ र नेपाल सरकारले तोके बमजिम हुनेछ ।

(१) कटारी नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरु गठन गरिएका सवास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति यसै कार्यविधि बमोजिम गठन भएको मानिने छ ।



कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचीहरु :

### अनुसूची : १

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा २ (झ) मा भएको नगरपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसँग सम्बन्धित काम, कर्तव्य र अधिकारहरु :

१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन

२)आधारभूत स्वास्थ्य, प्रजनन् स्वास्थ्य र पोषण सेवाको सञ्चालन तथा प्रबर्द्धन

३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन

४)स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन

५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण र नियमन

६)सरसफाई चेतनाको अभिवृद्धि र स्वास्थ्य जन्य फोहोरमैला व्यवस्थापन

७)स्वास्थ्यजन्य फोहोरमैला संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शूल्क निर्धारण र नियमन

८) रक्त संचार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन

९) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन

१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजि तथा गैर सरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी

११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन र नियमन

१२)महिला तथा बालबालिकको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण



कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७५

अनुसूची : २

**नेपालको संविधान अनुसूची-९ मा उल्लेख भए बमोजिम र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने स्थानीय सरकारको स्वास्थ्यसँग सम्बन्धित साझा अधिकार सम्बन्धी कार्यक्रमहरुः-**

स्वास्थ्यः

(१) संघीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण गर्ने ।

(२) जनरल अस्पता, नर्सिङ्गहोम, निदान केन्द्र तथा स्वास्थ्य संस्थाहरुको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन गर्ने ।

(३) स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीवुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण गर्ने ।

(४) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन

(५) स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनको न्यूनतम मूल्य निर्धारण र नियमन

(६)स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण

(७) स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण

(८) स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन

(९) स्थानीयस्तरमा जन स्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)

(१०) स्थानीयस्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन

(११) स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्यवृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन ।

(१२) जुनोटिक तथा किटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन

(१३) सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग तथा सचेतना अभिवृद्धि



कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१

प्रमुख प्रशासकीय अधिकृत

(१४) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायत परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन ।

(१५) जनस्वास्थ्य आपतकालिन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन

(१६) रोगको नियन्त्रण तथा रोकथाम

(१७) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन



प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची : ३

## व्यवस्थापन समितिको कार्यसम्पादन स्वमूल्याङ्कन फारम

**स्वास्थ्य संस्थाको नामः ............................ समीक्षा गरेको मितिः**

क) संस्थागत क्षमता र समितिको सशक्तीकरण

| क्र.सं. | सुचकहरु | छ(१) | छैन(०) |
|---|---|---|---|
| १ | गत ६ महीनामा समितिको बैठक नियमित भएको | | |
| २ | बैठकमा ५१ प्रतिशत वा त्यस भन्दा बढी उपस्थित हुने गरेको | | |
| ३ | सदस्यहरु बैठकमा ठीक समयमा आउने गरेको | | |
| ४ | समितिको मासिक बैठकको निम्ति निश्चित मिति र समय तोकेको | | |
| ५ | महिला तथा पिछडिएको समुदायका प्रतिनिधिहरु बैठकमा नियमित रूपमा उपस्थित हुने गरेको | | |
| ६ | महिला तथा पिछडिएको समुदायका प्रतिनिधिहरुले आफ्नो समुदायका स्वास्थ्य समस्या राखेको र उक्त समस्याहरुलाई निर्णय प्रक्रियामा महत्व दिइएको | | |
| ७ | बहुमत सदस्यहरुले आ आफ्नो समुदायबाट स्वास्थ्यका सूचना बैठकमा ल्याउने र बैठकका निर्णयहरु समुदायसम्म पुऱ्याउने गरेको | | |
| ८ | निर्णयहरु बुँदागत रूपमा कार्ययोजनाको स्वरूपमा लेख्ने गरेको | | |
| ९ | अघिल्लो महिनाको कार्ययोजनाको कार्यान्वयन तथा अनुगमन गर्ने गरेको | | |
| १० | गत आर्थिक वर्षको वार्षिक प्रगति विवरण सबैले देख्ने स्थानमा टाँस गरेको | | |
| ११ | अघिल्लो बैठकको प्रगति समीक्षा समितिको मासिक बैठकमा नियमित रूपमा छलफल हुने गरेको | | |
| १२ | बैठकमा उठेका विषयवस्तु समाधानका लागि एकभन्दा बढी सदस्यलाई जिम्म दिने गरेको | | |
| १३ | समितिको वार्षिक कार्ययोजना बनाएको र सबैले देख्ने स्थानमा टाँस गरेको | | |
| १४ | समितिका सदस्यहरुको फोटोसहितको नामावली बोर्ड स्वास्थ्य संस्थामा सबैले देख्ने स्थानमा टाँस गरेको | | |
| १५ | समितिका सदस्यहरुलाई आफ्नो भूमिका तथा जिम्मेवारीहरु थाहा भएको | | |
| १६ | समिति विधिवत् रूपमा (निर्देशिका अनुसार) गठन भएको | | |
| १७ | समितिको आफ्नो लेटरप्याड र छाप बनाएका | | |
| | **जम्मा** | | |

ख) स्वास्थ्य संस्था व्यवस्थापनः

| क्र. सं. | सुचकहरु | छ(१) | छैन(०) |
|---|---|---|---|
| १ | स्वास्थ्य संस्थाभित्र तथा बाहिरको वातावरण सफा र व्यवस्थित राखेको । | | |
| २ | आवश्यकता अनुसार भौतिक पूर्वाधार (भवन, कोठा, प्रतीक्षालय, पानी, बिजुली, चर्पी, फर्निचरआदि)को व्यवस्थापन गरेको । | | |
| ३ | स्वास्थ्य संस्थामा दरबन्दी अनुसारको कर्मचारीको व्यवस्थापन गरेको । | | |
| ४ | स्वास्थ्य संस्थालाई व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक औषधिको व्यवस्थापन गरेको । | | |
| ५ | स्वास्थ्य संस्थामा आवश्यक पर्ने औजार तथा उपकरणहरु व्यवस्थापन गरेको । | | |
| ६ | गाउपालिका तथा अन्य निकायबाट स्वास्थ्य कार्यक्रमका लागि स्रोत परिचालन गरेको । | | |
| ७ | कार्यालय समय अनुसार (१० देखि ४ वा ५ बजेसम्म) स्वास्थ्य संस्था खोल्ने व्यवस्था गरेको । | | |
| ८ | समितिले स्वास्थ्य संस्थालाई सहयोग गर्न सुपरिवेक्षण योजना बनाएको । | | |
| ९ | समितिद्वारा योजना अनुसार स्वास्थ्य संस्थालाई सहयोग र सुपरिबेक्षण गर्ने गरेको । | | |
| १० | समितिले गाउँघर तथा खोप क्लिनिकमा सहयोग गर्न सुपरिवेक्षण योजना बनाएको । | | |
| ११ | समितिले गाउँघर तथा खोप क्लिनिकमा सहयोग गर्न सुपरिवेक्षण योजना अनुसार गर्ने गरेको । | | |
| १२ | समितिले आफूले गरेका कामको निश्चित प्रक्रिया अपनाई आफैले समीक्षा गर्न सक्षम भएको रगर्ने गरेको । | | |
| १३ | समितिले कर्मचारीहरुको कामको मूल्याङ्कन गरी प्रोत्साहान गर्ने गरेको । | | |
| १४ | समितिबाट महिला स्वास्थ्य स्वयंसेविकाको कामको मूल्याङ्कन गरी प्रोत्साहान गर्ने गरेको । | | |
| १५ | समितिले गाउँपालिका, जि.स.स., जि.वि.स., जनस्वास्थ्य, वा अन्य निकायसँग कार्यक्रम प्रभावकारी रूपमासञ्चालन गर्न समन्वय गर्ने गरेको । | | |
| १६ | समितिले महिला स्वास्थ्य स्वयं सेविकालाई आवश्यक सहयोग गर्ने गरेको | | |
| १७ | समितिले विभिन्न क्षेत्रको सुपरिवेक्षण पश्चात् देखिएका राम्रा तथा सुधार गर्नुपर्ने कुराहरुलाई समितिको मासिक बैठकमा राखी छलपफल गर्ने गरेको । | | |
| १८ | स्वास्थ्य संस्थाको वस्तुगत पार्शव चित्र (Health Profile) बनाएको | | |
| | **जम्मा** | | |

ग) स्वास्थ्य सेवाको अवस्था:

| क्र.सं. | सुचकहरु | छ(१) | छैन०) |
|---|---|---|---|
| १ | प्रत्येक महिना स्वास्थ्य संस्थाको सेवाको प्रगति समीक्षा मासिक अनुगमन कार्य पुस्तिकाको आधारमा गरी समितिको मासिक बैठकमा राख्ने गरेको | | |
| २ | खोपको लक्ष्य अनुसार प्रगति हासिल गरेको र समुदायमा आधारित नवजात शिशु स्याहार तथा बाल रोगको एकिकृत व्यवस्थापन गरेको | | |
| ३ | ४ पटक गर्भजाँच सेवा लक्ष्य अनुसार प्रगति हाँसिल गरेको | | |
| ४ | २२५ आइरन चक्की सेवनको लक्ष्य अनुसार प्रगति हासिल गरेको | | |
| ५ | लक्ष्य अनुसार टि.डि. खोपको प्रगति हासिल गरेको | | |
| ६ | समितिले दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामा सुत्केरी गराउन व्यवस्था गरेको | | |
| ७ | चाहना हुँदा हुदै पनि परिवार नियोजनको कुनै साधन उपभोग गर्न नसकेका दम्पतीहरुको पहिचान गरेको | | |
| ८ | गाउँघर तथा खोप क्लिनिकहरु नियमित रूपमा संचालन हुनेगरेको | | |
| ९ | सेवाबाट छुटेका मानिस (महिला, दलित, जनजाती, पिछडिएका र संस्थाबाट टाढा रहेका) हरुको पहिचान गरी सेवामा उनीहरुको पहुँच बढाउन समुदायपरिचालन कार्य गर्ने गरेको | | |
| १० | राष्ट्रिय स्वास्थ्य कार्यक्रमहरुमा समितिले योजनाबद्ध रूपमा सहयोग गर्ने गरेको | | |
| ११ | स्वास्थ्य संस्थामा हुनुपर्ने औषधिको किसिम स्वास्थ्य संस्थाको तह अनुसार उपलब्ध गरेको | | |
| १२ | स्वास्थ्य संस्थामा हुनुपर्ने ४ वटा अत्यावश्यक सामग्रीहरु (पुर्नजलीय झोल, एमोक्शिसिलिन, आइरनर भिटामिन ए) भए नभएको यकिन गरेको | | |
| १३ | स्वास्थ्य संस्थामा हुनुपर्ने ३ वटा परिवार नियोजनका साधनहरु (कण्डम, पिल्स, डिपो) भए नभएको यकिन गर्ने | | |
| १४ | नागरिक बडापत्र सबैले देख्ने स्थानमा टाँस गरेको | | |
| १५ | समिति र स्वास्थ्य संस्थाको वार्षिक कार्ययोजना बनाएको | | |
| १६ | गाउँपालिका/नगरपालिकाको स्वास्थ्य आवश्यकताको पहिचान गरी गाउँपालिका/नगरपालिका स्तरीय स्वास्थ्य योजनाबनाएको | | |
| १७ | अहेव तथा अनमीले समितिको बैठकमा उपस्थित भई आमा समूह, गाउँघर क्लिनिक, महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको प्रगतिबारे छलफल गर्ने गरेको | | |

**द्रष्टव्य::**

**१) राम्रो : प्राप्ताङ्क १३ देखि १७**

**२) ठीकै : प्राप्ताङ्क ८ देखि १२**

**३) कमजोर : प्राप्ताङ्क ७ वा त्यस भन्दा कम**

प्रमाणीकरण मिति २०७९/०९/२९

आज्ञाले

अनिल किराती

प्रमुख प्रशासकीय अधिकृत

"सुन्दर कटारी नगरको पहिचानः सुशासन र समृद्धि हाम्रो अभियान"